# सञ्चार माध्यम मार्फत सूचना सम्प्रेषण एवं सेवा शूल्क भुक्तानी सम्वन्धी कार्यविधि, २०७७

**प्रामणिकरण मिति : २०७७।०५।३०**

**प्रस्तावना :** नेपालको संविधानले विचार र अभिव्यक्तिको स्वतन्त्रता; सञ्चार र सूचनाको हकको संरक्षण र संवर्द्धन गर्ने संवैधानिक हकको प्रत्याभूति गरेको छ । मूलत राज्यको चौथो अङ्ग-सञ्चार क्षेत्रले, सञ्चार जगतको विकास र विस्तारका लागि संविधान प्रदत्त उपरोक्त जिम्मेवारी र दायित्व निर्वाह गर्नु पर्ने भएकोले तारकेश्वर नगरक्षेत्रमा क्रियाशील प्रकाशन संस्था, रेडियो, एफ.एम (Frequency Modulation), नगरक्षेत्रबाट प्रसारण हुँदै आएका टेलिभिजन र अनलाइन लगायत विभिन्न सञ्चार माध्यमलाई प्रवर्द्धन गर्नुपर्ने देखिएको छ । साथै नगरपालिकाले प्रत्येक वर्ष सञ्चार क्षेत्रमा विनियोजित गरेको रकमको बाँडफाँड र उपयोगलाई व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन यससँग सम्वन्धित नीति, निर्देशिका कार्यविधि वनाई कार्यक्रम सञ्चालन गर्नु आवश्यक भएको छ । जस्वाट जनताको हित प्रवर्द्धन गर्ने, कुनै वर्ग समुदायसँग प्रत्यक्ष सरोकार राख्ने, आकस्मिक रुपमा आईपर्ने समसामयिक, विशेष सूचना लगायत आवश्यक देखिएका अन्य विषयहरुमा विषयको गाम्भीर्यता, सन्देशको समय सापेक्ष महत्व र आवश्यकताका आधारमा तोकिएको समयभित्रै सन्देश प्रशारण, परिमार्जन प्रकाशन गर्नका लागि विज्ञापन एजेण्ट, समाचार माध्यम र नगरपालिका बीच आपसी समन्वय र सहकार्यको माध्यमवाट पत्रिका र पत्रकारहरुको भौतिक र व्यावसायिक सुरक्षाको प्रत्याभूति गर्न र सञ्चार क्षेत्रको प्रवर्द्धन गर्नका लागि तारकेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ अनुसार तारकेश्वर नगर कार्यपालिकाले यो "सञ्चार माध्यम मार्फत सूचना सम्प्रेषण एवं सेवा शूल्क भुक्तानी सम्वन्धी कार्यविधि, २०७७" वनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "सञ्चार माध्यम मार्फत सूचना सम्प्रेषण एवं सेवा शूल्क भूक्तानी सम्वन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ ।

(ख) "कार्यक्रम" भन्नाले श्रव्य, श्रव्यदृश्य, विद्युतीय वा छापा माध्यमद्धारा प्रशारण हुने र छापा वा विद्युतीय माध्यमद्धारा प्रकाशित हुने कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ग) ''कार्यविधि'' भन्नाले "सञ्चार माध्यम मार्फत सूचना सम्प्रेषण एवं सेवा भुक्तानी सम्वन्धी कार्यविधि, २०७७" सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले तारकेश्वर नगर कार्यपालिका समेतलाई सम्झनु पर्दछ ।

(ङ) "प्रशारण" भन्नाले इशारा, ध्वनि, आकृति, तस्वीर, वा अन्य त्यस्तै प्रकारवाट सर्वसाधारणलाई जानकारी गराउने कार्यलाई सम्झनु पर्दछ ।

(च) ''पत्रकार'' भन्नाले प्रेश काउन्सिल नेपालमा सूचीकृत भएको सञ्चार माध्यममा समाचार रिपोर्टिङ, समाचार लेखन तथा त्यसको सम्पादनमा आवद्ध भई नेपाल पत्रकार महासंघको सदस्यता लिएको र सूचना विभागबाट प्रेस पास प्राप्त गरेका सञ्चार माध्यममा कार्यरत पत्रकारलाई सम्झनु पर्दछ ।

(छ) ''सञ्चारकर्मी'' भन्नाले समाचारसँग सम्बन्धित कार्यक्रम निर्माता, उत्पादक, वितरक र प्रसारक प्रस्तोता लगायतका सञ्चार संस्था समेतलाई सम्झनु पर्दछ ।

(ज) ''सञ्चारमाध्यम'' भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई नगर कार्यपालिकामा सूचीकृत भई प्रकाशित विद्युतीय, अनलाईन, छापा वा अन्य सञ्चार माध्यम सम्झनु पर्दछ ।

(झ) "समाचार पत्र" भन्नाले सार्वजनिक वा समसामयिक विषयमा लेख, समाचार तथा विचार लगायतका विषय समावेश भएका सार्वजनिक रुपमा विक्री वितरण हुने समाचार पत्र सम्झनु पर्दछ ।

## परिच्छेद-२

## सूचीकृत हुनुपर्ने सम्बन्धी ब्यवस्था

३. **सूचीकृत हुनु पर्ने** : यस कार्यविधिको प्रयोजनका लागि नगरपालिकाबाट प्रदान गरिने कार्यक्रम तथा सूचना प्राप्त गर्न चाहने सञ्चार सस्थालाई नगरपालिकामा देहायका कागजात सहित सूचीकृत गरीनेछ । सूचीकृत नभएका सञ्चार माध्यमलाई नगरपालिकाले विज्ञापन तथा अन्य कार्यक्रम उपलब्ध गराउन वाध्य हुने छैन ।

(क) सञ्चार सम्वन्धी कानूनी प्रावधान अनुरुपका सरकारी निकायमा दर्ता भई प्रकाशन प्रसारण इजाजत प्राप्त भएका सञ्चारसस्था उपदफा

(ख) अनुसार सूचीकृत गरीनेछ । यस्ता सूचीकृत सञ्चार माध्यमले प्रत्येक वर्ष तोकिएको समयमा नवीकरण गर्नुपर्नेछ ।

(ख) खण्ड (क) को प्रयोजनका लागि ईच्छुक सञ्चार माध्यमले, सञ्चार सम्वन्धी निकायमा दर्ता गरी अनुमति प्राप्त गरेको दर्ता प्रमाणपत्र (नविकरण समेत), संस्था सञ्चालकहरुको पूर्ण विवरण, स्थायी लेखा नम्वरको छायाँकपी, करचुक्ता प्रमाणपत्रको छायाँकपी संलग्न रहेको कागजात पेश गर्न लगाई नगरपालिकामा सूचीकृत गरीनेछ ।

(ग) थप इजाजत लिनुपर्ने गरी दर्ता भएको सञ्चार माध्यमको हकमा इजाजतपत्रको छायाँप्रति समेत पेश गर्नु पर्नेछ ।

(घ) कुनै सञ्चार संस्थाले सञ्चार माध्यम थप गर्नुपर्ने, क्षमता बढाउनु पर्ने भएमा नगरपालिकामा समेत निवेदन दिनु पर्नेछ ।

(ङ) सञ्चार संस्थाका पदाधिकारी तथा सञ्चारमाध्यममा कार्यरत पत्रकार, सञ्चारकर्मीको विवरण अद्यावधिक गराउनु पर्नेछ ।

(च) सञ्चार संस्था वन्द गरेमा जानकारी गराउनु पर्नेछ ।

४. **कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था** : (१) वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका सूचना प्रकाशन, प्रसारण सम्वन्धी कार्यक्रमहरु, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु सञ्चार सस्था वा पत्रकार मार्फत दफा ५ को शर्तका अधिनमा रही सञ्चालन गर्ने गरी उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कार्यक्रमहरु नगरपालिका आफै सञ्चालन गर्न सक्नेछ र कुनै विशेष कार्यक्रम नगरपालिकाले निर्णय गरे बमोजिम सञ्चालन गर्न सकिनेछ ।

(क) स्थानीय राजपत्रको प्रकाशन,

(ख) वार्षिक कार्यक्रमको प्रकाशन,

(ग) नगर सभाद्वारा पारित नीति तथा कार्यक्रमको प्रकाशन ।

५. **सञ्चार सस्थामार्फत सञ्चालन गर्न सकिने कार्यक्रमहरु :** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न चाहने पत्रकार वा सञ्चार सस्थासँग देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ ।

(क) सूचना तथा सञ्चार एवं पत्रकारिता सम्बन्धमा नेपालका संविधान, कानून र आमसञ्चार नीतिको कार्यान्वयनमा सहयोग पुग्ने कार्यक्रमहरु ।

(ख) समसामयिक जनचेतनामूलक, समावेशीता, सहभागिता सम्बन्धी महिला, दलित, जनजाती, मधेशी, मुस्लिम लगायतका वर्ग र क्षेत्रको सशक्तीकरण सम्बन्धी गोष्ठी, मातृभाषा कार्यशाला सम्बन्धी कार्यक्रमहरु ।

(ग) पत्रकारिता र आमसञ्चार क्षेत्रमा प्रत्यक्ष सहयोग पुग्ने अन्य कार्यक्रमहरु ।

(घ) नगरपालिकाको नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा प्रोत्साहन र सहजीकरण हुने कार्यक्रमहरु ।

(ञ) नगरपालिकाले भौतिक पूर्वाधार र अन्य क्षेत्रमा गरेको लगानी र उपलब्धिको वारेमा जनतालाई सुसूचित गर्ने कार्यक्रमहरु ।

(ट) नगरपालिकाको पर्यटन प्रवर्द्धन विकासका लागि प्रचार प्रसार गरीने कार्यक्रमहरु ।

(ठ) विषयवस्तुको गाम्भीर्यता, सन्देशको समय सापेक्ष महत्व र आवश्यकताका आधारमा खास समयभित्रै सन्देश प्रशारण, प्रकाशन र परिमार्जन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै नगरपालिकाले तोकिदिएको विषयवस्तुहरु ।

(ड) योजना सम्झौता, कार्यान्वयन, फरफारक सम्वन्धी सूचना संप्रेषण ।

(ढ) सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रमहरु ।

(२) सूचना संप्रेषण गर्ने प्रयोजनका लागि नगरपालिकाले कुनै खास समय, स्थान, पद्धति वा विषयवस्तु तोकिदिन सक्नेछ । नगरपालिकाले प्रशारण भइरहेको कार्यक्रम परिमार्जन गर्न आदेश दिन सक्ने छ । यसरी नगरपालिकाले कार्यक्रम परिमार्जन गर्न दिएको आदेश वमोजिम प्रशारण गर्दा साविक प्रशारण खर्चमा वढोत्तरी हुन गएमा उक्त वढोत्तरी भएको रकम नगरपालिकाले थप भुक्तानी गर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विषवस्तुहरु प्रशारण हुन सक्ने छैनन् ।

(क) जनस्वास्थ्य र जनहितमा प्रतिकुल असर पर्ने विषय,

(ख) नभएको वा नगरेको कुराको भ्रम फैलाउने, उत्तेजना फैलाउने अमर्यादित, भेदभावजन्य वा प्रचलित कानून विपरित हुने गरी कार्यक्रम निर्माण, प्रशारण प्रकाशन गर्न ।

(४) कुनै प्रचलित नेपाल कानूनले अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने भनी तोकिएका चेतावनीमूलक सन्देशहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(५) प्रशारित वा प्रकाशित कार्यक्रमले सार्वजनिक शान्ति उलङ्घन भएको, सार्वजनिक हित अतिक्रमण भएको वा अन्य अधिकार हस्तक्षेप भएको भएमा त्यस्तो सन्देश वा समाचार परिमार्जन गर्न, संशोधन गर्न, हटाउन, वा वन्द गर्न सम्वन्धित सञ्चार सस्थालाई नगरपालिकाले आदेश दिन सकिनेछ ।

६. **<u>प्रस्ताव पेश गर्न सक्ने सञ्चार संस्थाहरु</u> :** यस कार्यविधि अनुसार कार्यक्रम प्रस्ताव गर्नका लागि प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालन भएका Digital Media, online Media, कुनै पनि छापा पत्रिका, श्रव्य दृश्य (रेडियो, टेलिभिजन) प्रशारण गर्ने सञ्चार सस्था र अन्य कुनै माध्यमवाट प्रशारण प्रशासन गर्ने सञ्चार सस्थाले प्रस्ताव पेश गर्न सक्नेछन ।

७. **<u>प्रस्तावसाथ संलग्न गर्नु पर्ने प्रमाण कागजातहरु</u> :** प्रस्तावसाथ देहाय बमोजिमका प्रमाण कागजातहरु संलग्न गर्नु पर्ने छ :-

(क) सञ्चार संस्था दर्ता प्रमाणपत्र-(नविकरण समेत),
(ख) पान भ्याट (PAN/VAT) दर्ता प्रमाण पत्रं
(ग) आयकर चुक्ता प्रमाणपत्र,
(घ) अघिल्ला आ.व.मा यस नगरपालिकासँग कार्य गरेको भए कार्य प्रगति विवरण,
(ङ) प्रतिवेदन, प्रकाशन आदि ।

८. **<u>प्रस्ताव स्वीकृत गर्ने आधार</u> :** स्वीकृत कार्यक्रम वमोजिम तारकेश्वर नगरपालिकाले नगरपालिकाको आर्थिक सामाजिक सास्कृतिक लगायतका विकास कार्यक्रमलाई लक्षित गरी तयार गरेका विषयमा बजेटको उपलब्धता, सम्बन्धित संस्थाले पेश गरेको विस्तृत विवरण सहितको कार्यक्रम प्रस्ताव र प्रस्तावित कार्यक्रमको औचित्य एवं सान्दर्भिकता समेत अध्ययन गरी प्रस्ताव स्वीकृत गर्न सक्ने छ । तारकेश्वर नगर क्षेत्रभित्र मुकाम रहेको वा सम्पर्क कार्यालय रहेका स्थानीय सञ्चार संस्था वा माध्यमलाई विशेष प्राथमिकता दिईने छ ।

९. **<u>प्रस्तावमा उल्लेख हुनुपर्ने विवरणहरु</u> :** कार्यक्रम प्रसताव गर्ने संस्थाले कार्यक्रम प्रस्ताव गर्दा निम्न लिखित विवरण उल्लेख गर्नु पर्नेछ :-

(क) संस्थाका स्थापना, उद्देश्य र परिचय,
(ख) हालसम्म गरिएका प्रमुख कार्यहरु र योगदान,
(ग) यसअघि नगरपालिकासँग सम्झौता गरी कार्यक्रम सञ्चालन गरेको भए सो सम्बन्धी विवरण (आ.व.र रकम),
(घ) प्रस्तावित कार्यक्रमको रुपरेखा:- माथि दफा ५ बमोजिमका कार्यक्रमहरु मध्येबाट कार्यक्रमहरुको उद्देश्य, कार्यक्रम गरिने स्थान, समय, कार्यक्रम अर्न्तगत गरिने

क्रियाकलापहरु, कार्यक्रमको कूल लागत, खर्च व्यहोर्ने श्रोतहरु, प्रस्तावित कार्यक्रम रकम, कार्यक्रमबाट पुग्ने प्रत्यक्ष, लाभ तथा उपलब्धि, कार्यक्रमको लक्षित समूह र अन्य सान्दर्भिक विषयहरु ।

**१०. <u>प्रस्ताव स्वीकृती र सम्झौता</u> :** (१) नगरपालिकाले प्राप्त प्रस्तावहरु मध्ये दफा ८ समेतका आधारमा सञ्चार संस्था छनौट गरी कार्यक्रम र बजेट स्वीकृत गर्नेछ ।

(२) छनौट भएका संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्न नगरपालिकाको प्रशासन र सूचना शाखामा सम्पर्क गर्न ७ दिनको म्याद दिई जानकारी गराईनेछ ।

(३) छनौट भएका संस्थाले नगरपालिकाबाट जानकारी प्राप्त भएका ७ दिन भित्र अध्यक्ष वा आधिकारिक प्रतिनिधिले नगरपालिकामा सम्झौता गर्नुपर्नेछ ।

(४) संस्था नै तोकी कार्यक्रम स्वीकृत भएको भएमा संस्थाका अध्यक्ष वा आधिकारिक प्रतिनिधिले नगरपालिकाले तोकेका अवधिभित्र सम्झौता गरिसक्नु पर्नेछ ।

(५) तोकिएका अवधिभित्र सम्झौता गर्न नआएका संस्थाहरुलाई छनौट सूचीवाट हटाई अन्य सस्थासँग नियमानुसार सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(६) संस्थाहरुले प्राप्त गर्ने रकम एक वा एक भन्दा बढी किस्तामा प्राप्त गर्ने गरी सम्झौता गर्न सकिनेछ ।

(७) नगरपालिका र कार्यक्रम सञ्चालक संस्थाबीच रकम भुक्तानीको सम्झौता गर्दा देहाय अनुसार गर्नु पर्नेछ :

(क) नगरपालिका र कार्यक्रम सञ्चालक संस्थाबीच प्रचलित कानून वमोजिम सम्झौता हुनेछ ।

(ख) स्वीकृत कार्यक्रम चालु आ.व. भित्रै सम्पन्न हुने गरी सम्झौता गरिनेछ ।

(ग) कार्यक्रम सञ्चालन र खर्च रकमको उपलब्धि सहितका कार्य प्रगति प्रतिवेदन नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(घ) निर्माण, प्रकाशन, प्रशारण भएको कार्यक्रमको एक प्रति कार्यालयमा अनिवार्य रुपमा उपलव्ध गराउनु पर्ने छ ।

(ङ) सम्झौता गरिए बमोजिमका रकम कार्यक्रममा खर्च नगरिए वा दुरुपयोग भएको अवस्थामा दफा ११ मा उल्लेख भए अनुसार हुनेछ ।

(च) श्रमजीवी पत्रकार सम्बन्धी ऐन नियमहरुको पालना गरेको हुनुपर्ने छ ।

(छ) कुनै पनि कार्यक्रम सञ्चालन गरे वापतको भूक्तानी नगद हुने छैन् । भुक्तानीमा नियमानुसार कर कट्टी गरीने छ । कर छुटको दावी गर्ने सञ्चार सस्थाले कर छुट पाउने आधार पे्श गर्नु पर्ने छ ।

(ज) अर्को कुनै सञ्चार सस्थावाट निर्माण भएको वा प्रशारण भएको कार्यक्रम सँग हुवहु मिल्न गएको अवस्थामा कार्यक्रम सञ्चालन वापतको कुनै पनि रकम भूक्तानी हुने छैन् । एकै दिनको प्रशारण वा प्रकाशन भएको भएमा यसै निर्देशिका वमोजिम कार्यालयले निर्णय गरे वमोजिम हुने छ ।

(झ) तोकिएको अवस्थामा वाहेक एउटा लेख रचना सन्देश वा विषयवस्तु एकै प्रशारण प्रकाशन सस्थावाट एक भन्दा वढी पटक प्रकाशित वा प्रशारित भएको भएमा एक पटकको लागत मात्र भुक्तानी हुनेछ ।

(ञ) कार्यक्रम प्रशारण प्रकाशन गर्नका लागि अन्य कुनै कानूनले कुनै खास प्रक्रिया, विधि शर्त मापदण्ड पालना गर्नु पर्ने गरी तोकिदिएको रहेछ भने तत तत विधि प्रक्रिया मापदण्ड समेत पालना गरेको हुनुपर्नेछ ।

(ट) आधिकारिकता पुष्टि हुन नसक्ने कार्यक्रमहरुको निर्माण, प्रकाशन, प्रशारणको खर्च भूक्तानी हुन सक्ने छैन् ।

(ठ) सञ्चार माध्यमले सूचना प्रकाशन, प्रशारणका लागि अनिवार्यरुपमा पूर्व लिखित आदेश लिनु पर्नेछ । पूर्व स्वीकृती नलिई निर्माण, प्रकाशन, प्रशारण गरिएका सूचनाको भुक्तानी दिइने छैन ।

यस दफाको प्रयोजनका लागि व्यक्तिगत SMS वा Email लाई आदेश मानिने छैन् । साथै कार्यालयको कामसँग सम्वन्धित पदाधिकारी वा कर्मचारीको अन्तर्वार्ता वा लेख रचना प्रकाशन प्रशारण गरे बापत भुक्तानी दिन सकिने छैन ।

**११.** **<u>अनुगमन र अभिलेख</u> :** नगरपालिकाले सञ्चालित कार्यक्रमको नियमित अनुगमन गर्नेछ । कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको सञ्चार संस्थाले सम्झौता रकम निर्धारित कार्यक्रममा खर्च नगरेको वा रकमको दुरुपयोग भएको भनी उजुरी प्राप्त भएको अवस्थामा छानविनबाट प्राप्त

उजुरी प्रमाणित हुन आएमा त्यस्तो सञ्चार संस्थासँग भएको सम्झौता भङ्ग गरी भुक्तानी भै सकेको रकम फिर्ता गर्न आदेश दिन सक्नेछ र नगरपालिकाले त्यस्ता संस्थाहरुको नाम कालो सूचीमा राखी आउदो एक आर्थिक वर्षका लागि कुनै पनि कार्यक्रम निर्माण, प्रशारण र सञ्चालन गर्न दिईने छैन ।

## परिच्छेद-३

## सेवा शूल्क निर्धारण

१२. **सेवा शूल्क निर्धारण :** नगरपालिकावाट सञ्चालन भएका विशेष कार्यक्रम, प्रवाह भएका सेवाको विवरण, नगरपालिका क्षेत्रभित्रको सम्पदाको संरक्षण र सम्वर्द्धन, लगायतका विषवस्तुहरु वा नगरपालिकाले समय सापेक्षता, विषयको गाम्भिर्यता लगायतका आधारमा तोकिदिएको विषवस्तुहरु समावेश गरी प्रकाशन र प्रशारण गर्नका लागि निर्माण भएका वृत्तचित्र, श्रव्य, श्रव्यदृश्य, जिङ्गल वा लेख रचनाहरु सञ्चार सस्थाको भौतिक उपस्थिति, प्रशारण भएको माध्यम र प्रसारित क्षेत्र (Coverage area) समेतका आधारमा देहाय अनुसार सेवा शुल्क भूक्तानी गरिने छ ।

(क) सेवा शूल्क बापतको भुक्तानी अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ख) तारकेश्वर नगरपालिकाद्धारा सञ्चालित गतिविधिलाई आधार वनाई निर्माण, प्रकाशित, प्रशारित सूचना सामग्रिको लागि एक पटकको लागि अधिकतम रु २५,०००।– (पच्चीस हजार) सम्म

(ग) नगरपालिकाको आवश्यकता अनुसारको विशेष रुपमा निर्माण, प्रकाशन, र प्रशारण हुने कार्यक्रमको हकमा रु ५०,०००।– (अक्षेरुपी पचास हजार) सम्मको रकम नगर प्रमुखको निर्णयले र सो भन्दा माथिको रकमको हकमा नगर कार्यपालिकाको निर्णयानुसार गर्न सकिनेछ ।

## परिच्छेद-४

## विविध

१३. **नेपाल पत्रकार महासंघसँग समन्वय :** नगरपालिकाले नेपाल पत्रकार महासंघ एवं सञ्चार आवद्ध सञ्जालहरु सँग समन्वय कायम गर्ने छ ।

१४. **<u>सुरक्षा</u> :** सञ्चार संस्था, सञ्चार माध्यम, पत्रकारहरुको पेशागत र भौतिक सुरक्षाका लागि नगरपालिकाले सुरक्षा निकायसँगसमन्वय गरी सुरक्षा प्रत्याभूति गराउने छ ।

१५. **<u>वेवसाइट</u> :** नगरको आधारभूत चिनारी, नगरपालिकाको महत्वपूर्ण गतिविधि, नगरपालिकाले समय समयमा प्रकाशित गर्ने आवश्यकता, वोलपत्र लगायतका महत्वपूर्ण सूचनालाई नगरपालिकाले निर्माण गरेको वेभसाइटमा राखिने छ ।

१६. **<u>सूचना शाखाको जिम्मेवारी</u> :** नगरपालिकासँग सम्बन्धित सूचना, समाचार, सम्प्रेषण तथा सञ्चार माध्यममा समाचार र सूचनाको व्यवस्थापन गर्ने जिम्मेवारी प्रशासन शाखासँगको समन्वयमा अनुसूची २ बमोजिम सूचना शाखाले गर्नेछ ।

१७. **<u>वचाउ</u>** : (१) यो कार्यविधि लागू हुनुभन्दा पहिले उल्लिखित विषयमा भए गरेका काम कारवाहीहरु यसै कार्यविधि अन्तर्गत भए गरेको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै वमोजिम हुनेछन् र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

# अनुसूची-१

(नियम १२ (क) सँग सम्बन्धित)

## सेवा शूल्क दर

आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रही देहाय अनुसारको कार्यक्रम निर्माण, प्रशारण प्रकाशनका लागि निम्नानुसारको सेवा शूल्क भुक्तानी गरिनेछ ।

| सि. नं | सञ्चार माध्यम | | सेवा शूल्कको प्रकार | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | शुभकामना | सन्देश | विज्ञापन सूचना,बोलपत्र, कर्मचारी आवश्यकता आदिसम्बन्धी | प्रगति प्रतिवेदन, जानकारीमूलक सूचना | जिङ्गल | अन्य |
| १ | पत्रिका | राष्ट्रिय | प्रति पटक रु २५०० ले २ पटक मात्र | प्रति पटक रु ५००० ले २ पटक मात्र | विल अनुसार | २०००० सम्म | | |
| | | स्थानीय | | | | १५००० सम्म | | |
| २ | टेलिभिजन | राष्ट्रिय | प्रति पटक रु ५००० ले २ पटक मात्र | | | प्रति पटक रु ५००००।- ले वार्षिक २ पटक मात्र | ३०००० सम्म | |
| | | स्थानीय | प्रति पटक रु ४००० ले २ पटक मात्र | | | प्रति पटक रु ४००००।- ले वार्षिक २ पटक मात्र | १५००० सम्म | |
| ३ | रेडियो | राष्ट्रिय | प्रति पटक रु १५०० ले २ पटक मात्र | प्रति पटक रु ४००० ले २ पटक मात्र | | प्रति पटक रु २५०००।- ले वार्षिक २ पटक मात्र | | |
| ४ | एफ.एम. | राष्ट्रिय / स्थानीय | प्रति पटक रु १५०० ले २ पटक मात्र | प्रति पटक रु ३००० ले २ पटक मात्र | | प्रति पटक रु १००००।-ले वार्षिक ३ पटक मात्र | दैनिक ३ पटक, १ मिनेट प्रति दिन रु १०००।- | |
| ५ | अनलाईन मिडिया | राष्ट्रिय | प्रति पटक रु २००० ले २ पटक मात्र | प्रति पटक रु ३००० ले २ पटक मात्र | | ५०००।- ३ पटक सम्म वार्षिक | | |
| ६ | युट्युव | राष्ट्रिय | प्रति पटक रु २००० ले २ पटक मात्र | | | ४०००।- ३ पटक सम्म वार्षिक | १२००० सम्म | |
| ७ | अन्य तारकेश्वर र विशेषाङ्क आदि | | प्रति पटक रु ५००० ले १ पटक मात्र | प्रति पटक रु ७००० ले १ पटक मात्र | | प्रति पटक रु १०००० ले १ पटक मात्र | | ४००००।- सम्म |

पुनश्च: (१) वृत्तचित्र, सडक नाटक, टेलिफिल्म लगायतका निर्माण, प्रशारण गर्नका लागि नगरकार्यपालिकाको निर्णयानुसार हुनेछ ।

(२) रु. २५००।- सम्मको शुभकामना र सन्देश एक पटक भन्दा बढी प्रशारण गर्दा अनिवार्य रुपमा सूचीकृत हुनुपर्नेछ ।

# अनुसूची-२

(नियम १६ सँग सम्बन्धित)

## सूचना, सन्देश, समाचार, विज्ञापन प्रकाशित गर्ने सञ्चार संस्थाको विवरण

| सि.नं. | मिति | नाम | ठेगाना | प्रशारण माध्यम | प्रकाशित समाचार विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | शुभकामना | सन्देश | विज्ञापन | प्रगति प्रतिवेदन जानकारीमूलक सूचना | जिङ्गल | |
| | | | | | | | | | | |